सधै र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

विज्ञापन गराउन सम्पर्क गर्नुहोस्।

यस खबर दर्पण दैनिक पत्रिकामा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस्।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८६३६३२९८९

♦ वर्ष ७ ♦ अंक १७६ ♦ २०८० साल चैत्र ५ गते सोमवार ♦ 18 March 2024 ♦ पृष्ठ ४ ♦ मुल्य रु. ५ www.shirishnews.com

# बर्दिवास रम्तेल डाँडा वन प्रकरण : महोत्तरीका तत्कालीन वन अधिकृत सहित २४ जना विरूद्ध भ्रष्टाचार मुद्दा

**खबर दर्पण समाचारदाता**

**चैत्र ४ गते, महोत्तरी**

महोत्तरीका तत्कालीन डिभिजनल वन अधिकृत हाल डिभिजन वन कार्यालय पर्साका प्रमुख डिभिजनल वन अधिकृत (डिएफओ) हेमन्तप्रसाद साह सहित २४ जना विरूद्ध सरकारी सम्पत्ति हानी नोक्सानी पुऱ्याएको अभियोगमा भ्रष्टाचार मुद्दा दायर गरिएको छ।

डिभिजन वन कार्यालय महोत्तरीका प्रमुख हुँदा डिएफओ साह सहितका कर्मचारीले व्यक्तिसँगको मिलेमतोमा वन फँडानी गराएको भन्दै उनीसहित थप २३ जनामाथि आयोगले विशेष अदालतमा मुद्दा दायर गरेको छ।



आयोगका अनुसार रम्तेल डाँडाको सामुदायिक वनको जग्गामा लगाइएका रुख कटान गर्न निजी आवादी जग्गा भएको भन्दै गलत सिफारिस तथा प्रतिवेदनका आधारमा रुखमा टाँचा लगाउने तथा कटान इजाजत दिइएको थियो। व्यक्तिलाई लाभ हुनेगरी वनक्षेत्रका सखुवा, सिसौ, भिक्स र टिक जातका चार सय छवटा ठूला रुख कटान हुँदा एघार लाख छयानब्बे हजार छ सय ९५ रुपैयाँबराबरको सरकारी सम्पत्ति हानीनोक्सानी भएको आयोगको ठहर छ।

रम्तेलडाँडा सामुदायिक वन क्षेत्रमा रहेका रुखहरू बर्दिवास नगरपालिका वडा नं. १ बस्ने जग्गाधनी लीलामणी आचार्य र कृष्णप्रसाद गौतमको संयुक्त नाममा दर्ता कायम रहेको साविक २५ नं. बहादुरगञ्ज वडा नं. ३ (क) कित्ता.नम्बर २ को एक विग्घा दुई कठ्ठा ११ धुर क्षेत्रफल निजी नम्बरी आवादीको जग्गाभित्र पर्छ भनी डिभिजन वन कार्यालय महोत्तरीले कटान इजातजत दिएको थियो।

अख्तियार दुरूपयोग अनुसन्धान आयोगले उनी सहित २४ जना विरूद्ध ११ लाख ९६ हजार ६९५ रुपैंयाँ बराबरको सरकारी सम्पत्ति हानी नोक्सानी पुऱ्याएको अभियोग लगाउँदै विशेष

*बाँकी पृष्ठ २ मा*

# आरती साह मृत्यु प्रकरणमा सासु रेणुदेवी साह पक्राउ

**खबर दर्पण समाचारदाता**

**चैत्र ४ गते, महेन्द्रनगर**

माइती पक्षले हत्याको आरोप लगाउँदै आएको आरती साहको मृत्यु प्रकरणमा अनुसन्धानका लागि प्रहरीले उनकी सासु रेणुदेवी साहलाई पक्राउ गरेको छ।

जनकपुरधाम उपमहानगर पालिका-७ थापाचोक बस्ने ५५ वर्षीया साहलाई आइतबार पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय धनुषाका प्रवक्ता डीएसपी रञ्जन अवाले जानकारी दिए।

आरती साहको हत्या मुद्दामा सासु रेणु फरार प्रतिवादी थिइन्। यसअघि प्रहरीले यही मुद्दामा आरतीका देवर रवि साहलाई पनि २३ फागुनमा पक्राउ गरेको थियो भने आरतीका पती मोतीबाबु भने हाल पुर्पक्षका लागि थुनामा छन्।

जनकपुरधाम उपमहानगर

*बाँकी पृष्ठ २ मा*




# गठबन्धनले चोर र ठगलाई मन्त्री बनाए : डिला संग्रौला



**खबर दर्पण समाचारदाता**

**चैत्र ४ गते, बर्दिवास**

नेपाली कांग्रेसका केन्द्रिय सदस्य डिला संग्रौलाले परालको खुट्टामा उभिएको गठबन्धनले चोर र ठगलाई मन्त्री बनाएको टिप्पणि गरेकी छिन्।

सहकारिमा ठगि गरेको, सुन तस्करीमा संलग्न भएकाहरुलाई


*बाँकी पृष्ठ २ मा*

सस्तो सुलभ र गुणस्तरीय छपाइको लागि अवश्यक सम्भनु होस्।

## शिरीष अफसेट प्रेस

बर्दिवास नगरपालिका-१ राष्ट्रिय वाणिज्य बैंक नजिकै), महोत्तरी

- पत्रिका
- क्यालेण्डर
- रजिष्टर, डाइरी
- किताब
- परीक्षा कपी
- पर्चा पम्पलेट
- बिल, भाउचर,



- स्क्रिन प्रिन्ट
- विवाह कार्ड
- प्रमाण पत्र
- भिजिटिङ्ग कार्ड
- झोला प्रिन्ट
- रबर स्टाम्प




- फलेक्स प्रिन्ट
- ब्यानर प्रिन्ट
- होर्डिङ्ग बोर्ड
- स्टिकर
- फाइल



साथै होम डेलिभरीको सुविधा छ।

सम्पर्क नम्बरः ९८४४०२५१८४, ९८०७६७५१२५, ९८१५८८९६८२

# बर्दिवास रम्तेल डाँडा वन ....

अदालतमा मुद्दा दायर गरेको हो ।

यस्तै अख्तियारले डिभिजन वन कार्यालय जलेश्वर, महोत्तरीका तत्कालीन सहायक वन अधिकृत बेचन ठाकुर विरूद्ध पनि भ्रष्टाचार मुद्दा दायर गरेको छ ।

यस्तै रम्तेल डाँडा सामुदायिक वन उपभोक्ता समितिका तत्कालीन उपाध्यक्ष उमादेबी बुढाथोकी, कोषाध्यक्ष प्रेम बहादुर थापा, सचिब धन कुमारी मगर भनिने धन कुमारी, तत्कालीन सदस्यहरु उर्मिला थापा मगर र पूर्ण बहादुर सुस्लिङ्ग, महोत्तरी, बर्दिबास नगर पालिका १ बस्ने जग्गाधनी द्वय लिलामणी आचार्य र कृष्ण प्रसाद गौतम, रम्तेल डाँडा सामुदायिक वनका उपभोक्ता एम बहादुर थापा मगर र नन्दमाया खनाल भनिने नन्दमाया क्षेत्री र सिन्धुलीको सुनकोशी गाउँपालिका ४ का रुख कटान गर्ने ठेकेदार सन्दिप नेपाली विरूद्ध पनि अख्तियारले ११ लाख ९६ हजार ६९५ रुपैयाँ विगो माग दावी गरेको छ ।

यसैगरी सवडिभिजन वन कार्यालय बर्दिवास, महोत्तरीका तत्कालीन सहायक वन अधिकृत लक्ष्मण प्रसाद यादव, फरेष्टर सन्तोष कुमार साह, वनरक्षकहरु राज किशोर झा, अजय कुमार यादव, राकेश कुमार यादव, नारायण ढुंगेल र दिलिप महतो विरूद्ध पनि भ्रष्टाचार आरोपमा मुद्दा दायर गरेको अख्तियारले जनाएको छ ।

नापी कार्यालय, बर्दिवास महोत्तरीका तत्कालीन अमिन राम दरश राउत, मालपोत कार्यालय बर्दिबास, महोत्तरीका तत्कालीन नायब सुब्बा ओम प्रकाश खड्का र बर्दिबास नगर पालिका वडा नं. १ का तत्कालीन वडा सदस्य शान्ता देवी श्रेष्ठ, बर्दिबास नगरपालिका वडा नं. १ का तत्कालीन वडाध्यक्ष चुडामणी पोखरेल र रम्तेल डाँडा सामुदायिक वन उपभोक्ता समितिका तत्कालीन अध्यक्ष शेर बहादुर राउत विरूद्ध समेत अख्तियारले मुद्दा दायर गरेको छ ।

# खेत जोतेर फर्कदै गरेको ट्याक्टर दुर्घटना हुँदा चालकको मृत्यु

**खबर दर्पण समाचारदाता**

**चैत्र ४ गते, सर्लाही**

सर्लाहीमा खेत जोतेर फर्कदै गरेको ट्याक्टर दुर्घटना हुँदा एक जनाको मृत्यु भएको छ। आइतबार साँझ जिल्लाको बसबरिया गाउँपालिका-३, कोठीयार टोलमा खेत जोतेर फर्कदै गरेको प्रदेश-२-०२-००१ त ०४३५ नम्बरको ट्याक्टर तिब्र गतिका कारण अनियन्त्रित भई दुर्घटना भएको हो।

दुर्घटनामा परि मृत्यु हुनेमा स्थानिय २५ बर्षिय दिपेन्द्र माझि रहेको प्रहरीले जनाएको छ। माझीको घटनास्थलमा नै मृत्यु भएको तथा माझि ट्याक्टरका चालक रहेको पाइएको छ।



मृतक माझीको शवलाई प्रहरीले अहिले परिक्षणका लागि जिल्ला सदरमुकाम मलंगवास्थित प्रादेशिक अस्पतालमा राखिएको जनाएको छ। ट्याक्टरमा रहेका अर्का व्यक्ति सकुशल रहेका तथा घटनाका सम्बन्धमा अनुसन्धान भईरहेको जिल्ला प्रहरी कार्यालय सर्लाहीले जनाएको छ।

# गठबन्धनले चोर र ठगलाई .............

गठबन्धनले मन्त्री बनाएको आरोप लगाउदै उनिहरुले तत्काल राजिनामा दिनु पर्ने संग्रौलाले बताइन ।

महोतरीको बर्दिबासमा आइतबार नेपाल प्रेस युनियनले आयोजना गरेको पत्रकार सम्मेलनमा संसदीय व्यवस्था समस्या रहेको भन्दै प्रश्न उठि रहेकोले संविधान पुर्नावलोकन हुनु पर्ने बताइन ।

कुनै पनि दलको बहुमत नहुदा सरकार बनाउन तनातानको राजीतिले सरकार बनाउने र ढाल्ने खेलमा जनताको समस्या ओझेलमा परेको छ, संग्रौलाले भनिन्,'संविधान संशोधन गरी निर्वाचन प्रक्रियालाई सुधार गर्नु आवश्यक छ ।

निर्वाचन अगाडी गठबन्धन बनाउन नमिल्ने र निर्वाचन पछि सरकार बनाउन बहुमत नहुदा मात्रै गठबन्धन गर्न मिल्ने व्यवस्था गर्नु पर्छ ।' झुठ र बेइमानिको राजनिति बिरुद्ध नेपाली काँग्रेस सडक, सदन र संगठन-संगठन बीच एकता गरी आन्दोलन गर्ने तयारी गर ेको छ, उनले भनिन् ।

नेपाली काग्रेस आफनो खुट्टामा उभिएर रुखमा मात्रै भोट हाल्ने निर्णय गर्दा कम्युनिष्टहरु आतिएको उनले आरोप लगाइन् ।

# आरती साह मृत्यु प्रकरणमा .........................

पालिका-९, थापाचोककी आरती गत ७ जेठमा घरमै मृत अवस्थामा फेला परेकी थिइन् । आरतीका बाबुआमाले भने दाइजोका कारण परिवारकै सदस्यको संलग्नतामा उनको हत्या भएको दाबी गर्दै सासु, ससुरा, श्रीमान, देवर लगायत विरुद्ध जाहेरी दिएको थियो ।

सुरुमा जिल्ला सरकारी वकिल कार्यालयले जिल्ला अदालत धनुषामा पती मोतीबाबु र ससुरा मदनमोहन माथि कर्तव्यज्यान मुद्दा दायर गरेको थियो ।

जिल्ला अदालतले उनीहरुलाई ५ असारमा पुर्पक्षका लागि थुनामा पठाएको थियो। तर जिल्ला अदालतको थुनछेक आदेश नमिलेको भन्दै उच्च अदालत जनकपुरले उनीहरुलाई तारेखमा छाड्न आदेश दिएको थियो ।

आरती साहको बाबु, आमा र भाइबहिनीले काठमाडौंमा लामो समयसम्म यो घटनाको अनुसन्धान र दोषीमाथि कार बाहीको माग गर्दै आन्दोलन गर्दै आएका थिए ।

पछि सर्वोच्च अदालतले भने श्रीमान मोतीबाबुलाई थुनामा राख्न र ससुरालाई धरौटीमा छाड्न आदेश दिएको थियो ।

रवि लामिछाने गृहमन्त्री भएपछि आन्दोलनरत्त आरती साहकी माइतपक्षसंग केहीदिन अघि गृह मन्त्रालयले प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरो (सीआईबी) मार्फत घटनाको पुन अनुसन्धान गर्ने लगायतको ५ बुँदे सहमति गरेको थियो ।

## भाग्य चक्र

(ज्यो. हरिकृष्ण उपाध्याय)

**मेष** - व्यवहारिक र घरायसी काममा समय र धन खर्च हुनेछ। लामो यात्राको योग छ । पती-पत्नी बीचको सम्बन्ध अझ प्रगाढ हुनेछ । धार्मिक यात्राको योग रहेको छ ।

**वृष-** सामाजिक कामबाट प्रशंसा प्राप्त हुनेछ। धार्मिक, सामाजिक र सांस्कृतिक सभासमारोहमा सरिक हुने सम्भावना छ। बौद्धिक क्रियाकलाप, दर्शन र चिन्तनप्रति झुकाव बढ्ने छ।

**मिथुन-** समय अनुकुल छ । व्यापार व्यवसायमा उन्नतीको योग छ। शैक्षिक गतिविधिमा रुचि बढ्नेछ । यात्रा हुने योग छ । अचल सम्पती जोर्न सकिन्छ ।

**कर्कट** - लामो समयपछि रस रङ्गको चाहना पूर्ण हुने योग आएको छ। दाम्पत्य सम्बन्धमा सुमधुरताको प्राप्ति हुनेछ। बालबच्चाबाट पनि सुख सन्तोष प्राप्त हुनेछ।

**सिंह** -सामाजिक कामको दायित्व थपिने छ। वित्तीय क्षेत्र र व्यापारिक लगानीका लागि नयाँ काम गर्न उचित समयको योग छ। भाइबहिनी र छोराछोरीले मनग्ये सहयोग गर्नेछन्।

**कन्या** - खराब समय छ। स्वास्थ्यमा अचानक गडबडी आउने सम्भावना देखिन्छ। सानोतिनो चोटपटक नै पनि लाग्न सक्छ, सचेत एवं सावधान रहनु होला।

**तुला** -समय राम्रो छ। अन्न फलफूल आदि कृषिजन्य व्यवसायबाट राम्रो आर्थिक उपार्जन हुने योग छ। नोकरी बाट सन्तोष लिन सकिनेछ।

**वृश्चिक** -अपूरा कार्य पूर्ण हुनेछन्। धार्मिक तथा आध्यात्मिक क्षेत्रतर्फको काममा सहभागी बन्नु पर्नेछ सानोतिनो लाभदायक यात्राको सम्भावनालाई नकार्न सकिँदैन।

**धनु** - अध्ययन, अध्यापन र लेखनकार्यमा उच्च सफलता प्राप्त हुने छ। व्यावहारिक र प्राविधिक काममा विशेष सफलता प्राप्त हुने छ। आम्दानीका मार्गहरु खुल्ला रहनेछन्।

**मकर** -आर्थिक क्षेत्र सबल र हने छ भने स्वास्थ्य पनि सकारात्मक रहने छ। कार्य सफल हुँदै जानेछ। प्रेमिका संग रमाइलो यात्रा हुन सक्छ।

**कुम्भ**-मानप्रतिष्ठा र सामाजिक मर्यादामा अभिवृद्धि हुनेछ। व्यवहारिक र घरायसी काममा समय र धन खर्च हुनेछ। लामो यात्राको योग छ । उपहारआदी प्राप्त हुनेछ ।

**मीन** - प्रतिकूल समय छ, त्यसैले विश्वास गरेका व्यक्तिबाट नै विश्वासघात हुने सम्भावना छ। अशान्ति र अराजकताका समाचार सुन्नु पर्ने हुनसक्छ। दाम्पत्य सम्बन्धमा पनि तालमेल बिग्रन सक्छ।

## आवश्यक टेलिफोन नम्बरहरू

### जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बछार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

### बर्दिवास

| | |
|---|---|
| बर्दिवास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ ) | ५५०००५ |
| ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास नगरपालिका | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| विद्युत कार्यालय | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय वर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| खानेपानी हात्तीलेट वर्दिवास-८ | ९७०३८९१४२५ |
| शूभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| एकिकृत सेवा केन्द्र बर्दिवास | ५५०६६८ |
| IRDS समाज सहकारी अस्पताल | ५५०४०१ |

### ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

### जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्वुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

### महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/
९८०४८२५८६०

एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाझिज) ०४१-६२०४९१
९८०४८१५१२६

इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९
विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

# महोत्तरीको कञ्चनवन होलीको रङमा रङ्गिए





**खबर दर्पण समाचारदाता**

**चैत्र ४ गते, महोत्तरी**

**"किनकाके हात कनक पिचकारी, किनकाके हात अबिर झोरि, हो अबिर झोरि, मिथिलामे राम खेलयै होरि हो मिथिलामे राम खेलयै होरी ।**

**राम जीके हाथ कनक पिचकारी, सिया जि के हात अबिर झोरि हो अबिर झोरी मिथिलामे राम खेलयै होरि हो मिथिलामे राम खेलयै होरी ।"**

मैथिली भाषाको यो होलीको गीत गाउँदै मिथिला माध्यमिकी परिक्रमावासी रङ अविर र गुलाल उडाउँदै होली खेलेपछि महोत्तरीको कन्चनवन आइतवार होलीमय बन्यो । सबैको अनुहार रङ्गीचङ्गी देखिन्थ्यो , कसैको रातो, कसैको हरियो, कसैको पहेलो रङ र गुलालले शरीर नै रङ्गीन देखिन्थ्यो ।

जता हेर्‍यो उतै रङ अबिर र गुलाल उडिरहेको मनमोहक दृश्यहरु हेर्न पाइन्छ । गृहस्थ, साधु सन्त र महन्थलगायत कन्चनवनका स्थानीय सबै अहिले एक आपसमा रङ अबिर र गुलाल दल्दै, उडाउँदै खुशियाली साटासाट गर्न व्यस्त देखिए थिए। परिक्रमा यात्रु लगायत कन्चनवनमा उपस्थित समुदाय एक आपसमा यसरी घुलमिल भएका छन् कि कुनै कसैलाई चिन्ता फिक्री नै छैन । एउटा अलगै उत्सवको माहोलमा सबै परिक्रमावासी र स्थानीयहरु र माएको देखियो।

आइतबार बिहानैदेखि कञ्चनवनको दृश्य झट हेर्दा होलीपर्व नै हो जस्तै लागे पनि यो माहोल भने मिथिलाको बहुचर्चित माध्यमिक परिक्रमाको धार्मिक लस्करले रङ अबिर र गुलाल उडाउँदै मनाएको होलीको पो थियो । त्रेतायुगमा भगवान रामले कन्चनवनमा होली खेलेको सम्झनामा १५ दिने परिक्रमा यात्रामा सहभागीहरु आइतबार बिहानै कन्चनवन पुगेर रङ,गुलाल र अबिर एक आपसमा दलेर खुशियाली साटासाट गर्दै होलीको शुभकामना आदानप्रदान गरी होली मनाएका हुन् ।

शनिबार ध्रुवकुण्डमा रात्रि विश्राम गरेपश्चात् आइतबार बिहानै कञ्चनवन पुगेका परिक्रमा यात्रामा सहभागी साधु, सन्त, महन्थ, नागा, गृहस्थलगायत सबै एक आपसमा मिलेर नाच्दै गाउँदै होली मनाउँदा सबै परिक्रमावासीको अनुहार र कपडा रङ अबिरले रङ्गीन देखिएको छ ।

कञ्चनवन पुगी जनकपुरस्थित राममन्दिरका महन्थ र जानकी मन्दिरका महन्थहरुले एक आपसमा होली खेली मिथिलाञ्चलमा होलीको विधिवत् शुरुवात गर्ने परम्परा रहि आएको छ ।

यसपालि भने स्थानीय निकायका जनप्रतिनिधिले पहिल्यैदेखि नै कन्चनवनमा होलीको तयारी गरेपछि मनोरञ्जन थपिएको परिक्रमा यात्रु नवल यादवले बताउनुभएको छ। कन्चनवनको परिक्रमावासीको होली पहिल्यैभन्दा अलिक बढी नै व्यवस्थित र मनोरन्जनात्मक ढङ्गले मनाइएको परिक्रमा यात्री यादवले अनुभव सुनाउनुभयो । वसन्तपञ्चमीदेखि नै फागुपर्वको शुरुवात भएको मानिए पनि मिथिलाञ्चलमा परिक्रमा यात्रीले कञ्चनवनमा होली खेलेपछि मात्रै होलीको विधिवत् शुरुवात हुने परम्परा छ ।

धनुषास्थित कचुरीको मिथिला बिहारी कुटीबाट मिथिला बिहारी तथा अग्नि कुण्डबाट किशोरीजीको डोलाका साथ हनुमानगढीबाट शुरु भएको परिक्रमाका यात्रुहरु कल्याणेश्वर फुलहर , मटिहानी , जलेश्वर ,मडै , ध्रुवकुण्ड हुँदै आइतबार कञ्चनवन पुगेका हुन् ।

मिथिला माहात्म्य अनुसार अठारौं शताब्दीदेखि माध्यमिकी परिक्रमाको रुपमा मनाईदै आएको यस धर्मयात्राका सहयात्रीले रात्रि भजन कीर्तन गरी १५ दिन बिताउने गर्दछन्। विश्वकै सर्वाधिक लामो समयसम्म चल्ने धार्मिक यात्रा परिक्रमाका यात्रुहरु भारतको कलना , फुलहर , महोत्तरीको मटिहानी ,जलेश्वर, मडै ध्रुवकुण्ड, कञ्चनवन , हुँदै धनुषाको पर्वता ,धनुषाधाम , सतोषर , औरहीमा एक एक रात विश्राम गरी पूर्णिमाको अघिल्लो रात जनकपुर आइपुग्छन र पूर्णिमाको दिन जनकपुरको अन्तर्गृह परिक्रमा गरी होली खेली १५ दिवसीय यात्रा सम्पन्न गर्नेछन् ।

सुख समृद्धि मानसिक शान्ति तथा चारधामको दर्शन गरे बराबरको फल प्राप्ति हुने जनविश्वासका साथ यस धर्म यात्राका यात्रुहरुले नेपालको १०७ तथा भारतको २६ गरी १३३ किलोमिटर भूमिको पैदल यात्रा गर्ने मान्यता छ ।

यात्रामा नेपाल भारतका लाखभन्दा बढी साधुसन्त महन्थ र गृहस्थहरुको सहभागिता छ। नेपाल र भारतको सामाजिक सद्भावको सेतुको रुपमा रहेको यो परिक्रमाले धार्मिक, ऐतिहासिक र पुरातात्विक महत्त्वको परिचय दिने गर्छ ।

मिथिला परिक्रममा सहभागी हुनेले १५ विश्रामस्थलमा नाङ्गो खुट्टा पैदल हिँडेर यात्रा गर्नुपर्ने हुनाले परिक्रमा यात्रालाई कठोर धार्मिक यात्राको रुपमा पनि हेर्ने गरिन्छ। परिक्रमाका सहभागीहरु १५ दिनसम्म लसुन , प्याज र मांसाहारी भोजनको परित्याग गर्ने र एक छाक मात्रै खाना खाने प्रचलन रहि आएको छ। साथै परिक्रमा यात्रीले परिक्रमा अवधिभर गृह प्रवेश नगर्ने र खुल्ला आकाशमुनि पाल टाँगेर वनवास जस्तै जीवन बिताउने गर्दछ। १५ दिने यात्राको क्रममा यात्रीहरुले दिनरात मर्यादा पुरुषोतम राम र सीताको भजन कीर्तन गर्ने र उनले आफ्नो जीवनमा मर्यादाविपरीत कुनै काम नगरेको जस्तै परिक्रमावासीले पनि परिक्रमा घुम्दा बनाइएको नियम परिधिभित्रै रहेर यो यात्रामा सहभागी हुने यसको मुख्य विशेषता रहिआएको छ ।

परिक्रमामा भारतको आयोध्या, मथुरा, हरिद्वार, दरभङ्गा, सीतामढी, बैजनाथधामका साधुहरु उल्लेख्य रुपमा सहभागी भएका छन् ।

परिक्रमामा सहभागी हुनाले मन वचन र कर्मले भएका पाप तथा अन्याय नष्ट भएर मनोकामना पूरा हुने धार्मिक मान्यता रहिआएको परिक्रमाका सहभागीहरु बताउनुहुन्छ ।

मिथिलाको हरेक पर्व, त्योहार मा परिक्रमा गर्ने चलन पुरानो र अनिवार्य रहेको पाईन्छ। प्रत्येक वर्ष मनाइने परिक्रमा मिथिलाञ्चलकै १५ दिवसीय महाकुम्भको रुपमा चर्चित रहेको पाइन्छ ।

परिक्रमा बृहत्, मध्य र अन्तर्गृही गरी तीन प्रकारको हुन्छ। बृहत् परिक्रमा उत्तरमा हिमालय पर्वत श्रेणी, पूर्वमा कोशी, दक्षिणमा गङ्गा र पश्चिममा गण्डक सम्मको परिक्रमापछि मात्र सम्पन्न हुने भएकोले आज भोलि यस्तो परिक्रमा गरिदैन । तर मध्यमा परिक्रमा अठारौं शताब्दीभन्दा पूर्वदेखि मनाईदै आएको विश्वास गरिन्छ । यो पहिला पहिला ५ दिनसम्म मनाइने गरिन्थ्यो । तर यो परिक्रमालाई २० औं शताब्दीमा आएर महात्मा सुरकिशोर दासले पाँच दिनबाट १५ दिनमा परिणत गरेको थियो । जसले गर्दा अहिले ती परिक्रमामा साघुसन्त, महन्थ, गृहस्थी, नागालगायतको बृहत् उपस्थिति हुने गर्दछ ।

यो परिक्रममा भारत र नेपालको श्रद्धालुहरुको सहभागिता रहने गरेकोले यसलाई भारत र नेपालको सद्भावको सेतुको रुपमा पनि लिने गरिन्छ। यसले आर्थिक टेवा समेत दिने गर्छ । तर परिक्रमाको प्रत्येक विश्रामस्थलको आआफ्नै विशिष्ट महत्वको रहे पनि अहिले अवस्था ती स्थलहरुको अवस्था दयनीय हुँदै गइरहेको छ। ती स्थलहरुमा रहेको जलाशय, मठ, मन्दिर उपेक्षाको कारण जीर्ण बन्दै गएको छ ।माध्यमिकी परिक्रमा यात्रुहरुको सुरक्षा व्यवस्थालाई दृष्टिगत गरी व्यापक रुपमा सशस्त्र र नेपाल प्रहरी परिचालन गरिएको छ ।



# भंगहा नगरपालिकाको प्रशासनिक भवनको शिलान्यास



**धवेन्द्रकुमार यादव 'यदुवंशी'**
**चैत्र ४ गते, महोत्तरी**

महोत्तरीको भंगहा नगर पालिकाको प्रशासनिक भवनको शिलान्यास गरिएको छ ।

मेयर संजिव कुमार साहका बुबा अशेश्वर साह र आमा फुली सुँडीले दान गरेको जग्ग १० कठ्ठा १९ धुर जग्गामा भवनको शिलान्यास गरिएको हो ।

भंगहा नगरपालिका ५ सीतापुर स्थित सो जग्गामा बन्न लागेको भवनको आइतबार लोसपाका वरिष्ठ नेता तथा निवर्तमान श्रम तथा रोजगार मन्त्री सरतसिंह भण्डारीले शिलान्यास गरेका हुन् । १० करोड ९१ लख ४२ हजार ६२३ रुपैयाँको लागतमा भवन बन्न लागेको नगरपालिकाका निमित प्रमुख प्रशासकीय अधिकृत विजय यादवले जानकारी दिए ।

शिलान्यासको अवसरमा जग्गा दाता मेयरका बुबा र आमालाई सम्मान गरिएको छ । मेयर साहका अनुसार सो जग्गाको चलनचलती मूल्य अनुसार डेढ करोड भन्दा बढी मूल्यको रहेको छ ।

भवन बन्न लागेको जग्गाको नजिक मेयर साहकै घरमा विगत तीनवर्षदेखि नगरपालिकाको कार्यालय रहेको छ । जुन निःशुल्क भाडामा उपलब्ध गराइएको मेयरले घोषणा गरेका छन् ।

# खोला उत्खनन गर्न पाउनु पर्ने माग गर्दै नगरपालिका घेराउ




**खबर दर्पण समाचारदाता**
**चैत्र ४ गते, ढल्केवर**

धनुषाको मिथिला नगरपालिकाले खोला उत्खननमा रोक लगाएपछि गिट्टी बालुवा उत्खनन गर्ने ट्याक्टर व्यवसायीहरु आन्दोलित बनेका छन्। आइतबार उनीहरु खोला उत्खनन् गर्न पाउनु पर्ने माग गर्दै नगर पालिकाको कार्यालय घेराउ गरेका हुन्।

ट्याक्टरहरु लिएरै नगरपालिका पुगेका उनीहरुले खोला उत्खनन गर्न पाउनु पर्ने माग गर्दै प्रदर्शन गरेका छन्। ठेक्का नै नलाएको खोलामा निर्वाध रुपमा अनियन्त्रित उत्खनन् भएपछि नगरपालिकाले क्रसर उद्योगहरु बन्द गराउँदै उत्खननमा पूर्ण रोक लगाएपछि गिट्टी बालुवा उत्खनन गर्ने ट्याक्टर व्यवसायी र मजदुरहरु आक्रोशित बनेका छन्।

लगाीनिगरपालिकाले विभिन्न बहानामा औरही खोलामा उत्खनन गर्न नदिएपछि आफूहरु नगरपालिका घेराउ गर्न आएको आन्दोलनमा सहभागी एक ट्याक्टर व्यवसायीले बताए। 'खोला खन्दा पनि त्यति सहज कहाँ छ र ? पैसा नखर्चिदासम्म प्रहरी प्रशासनले यतिकै खन्न दिँदैनन्,' ती व्यवसायीले भने।

आन्दोलनमा उत्रिएका उत्खनन व्यवसायीहरुसँग नगरपालिकाले छलफल गरेको छ। उनीहरुसँग नगरप्रमुख महेन्द्र महतोको उपस्थितीमा वार्ता भएको मिथिला नगरपालिकाका प्रवक्ता रामबहादुर स्याङदनले जानकारी दिए। 'प्रदर्शनमा सहभागीहरुको मेयरसाबसँग वार्ता भएको छ। कार्यपालिका बैठक अघि यस विषयमा केही भन्न नसकिने मेयरसाबले जवाफ दिनुभएको छ। त्यसमा उहाँहरु पनि सकारात्मक भएर फर्किनुभयो,' नगरपालिका स्रोतले भन्यो।


## सामाजिक तथा धार्मिक सद्भाव कायम राखौं।

- सामाजिक सद्भावमा आँच आउने वा अन्य पक्षलाई भड्काउने कार्य नगरौं,
- धार्मिक आस्था, विश्वास र संस्कृतिमाथि अनुचित प्रहार एवं धार्मिक विद्वेष फैलाउने नगरौं,
- सामाजिक मर्यादा विपरितका कार्य गर्न उक्साउने वा प्रोत्साहन गर्ने जस्ता कार्य नगरौं
- सामाजिक सद्भाव कायम गरौं, निजी तथा सार्वजनिक जीवनमा असर पार्ने गलत कार्य नगरौं।

**औरही नगरपालिका, महोत्तरी**

## सामाजिक सञ्जाल प्रयोग गर्दा सतर्कता अपनाऔं


सामाजिक सञ्जालमा:

- जातीय, धार्मिक र साम्प्रदायिक सद्भावमा खलल पुऱ्याउने,
- राष्ट्रिय सुरक्षा, राष्ट्रिय एकतामा आँच पुग्ने,
- कुनै व्यक्ति वा संस्थाको प्रतिष्ठा र आत्मसम्मानमा ठेस पुऱ्याउने,
- जातीय भेदभाव, छुवाछुत, श्रमप्रति अवहेलना हुने,
- शान्ति-सुरक्षामा खलल पुग्ने,
- प्रचलित कानुनले रोक लगाएका सामाग्रीहरु प्रकाशन वा प्रदर्शन गर्ने,
- जनमानसमा भ्रम सिर्जना गर्ने,

जस्ता विषयबस्तु पोष्ट वा शेयर गर्नु हुँदैन। त्यस्ता कार्य कानूनतः दण्डनीय हुन्छन।

**विदेह नगरपालिका, धनुषा**





खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२९८९)
उप-सम्पादक : धर्वेन्द्र कुमार यादव'यदुवंशी' (९८५४०२९०५३) E -mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा, प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा